# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, फागुन २३ गते २०३४ साल [ संख्या ४६


श्री ५ को सरकार

### रक्षा मन्त्रालयको

### सूचना

सैनिक बिदा (पहिलो संशोधन) नियमहरू, २०३४

सैनिक बिदा नियमहरू, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "सैनिक बिदा (पहिलो संशोधन) नियमहरू, २०३४" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. सैनिक बिदा नियमहरू, २०१९ को नियम ३ मा संशोधन: सैनिक बिदा नियमहरू, २०१९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छः–

"३. बिदाको किसिम : शाही नेपाली सेनाका व्यक्तिले देहायबमोजिम बिदा पाउन सक्नेछन्:–

(क) भइपरिआउने बिदा,

(ख) घर बिदा,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) बिरामी बिदा,

(घ) विशेष बिरामी बिदा,

(ङ) क्रिया बिदा,

(च) प्रसूति बिदा ।"

३. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को उप-नियम (१) र (२) को सट्टा देहायको उप-नियम (१) र (२) राखिएको छः–

"(१) शाही नेपाली सेनाका व्यक्तिले प्रत्येक सालमा बाह्र दिनमा नबढाई भइपरिआउने बिदा पाउन सक्नेछ ।

(२) भइपरिआउने बिदा साधारणतः एक पटकमा चार दिनमा बढाई लिन पाइने छैन ।"

४. मूल यियमावलीको नियम ५ मा संशोधन : मूल नियमावलीको नियम ५ को,–

(१) उप-नियम (१), (२) र (५) को सट्टा देहायको उप-नियम (१), (२) र (५) राखिएको छः–

"(१) शाही नेपाली सेनाका व्यक्तिले साल एकको तीस दिनका दरले घर बिदा पाउन सक्नेछ ।

(२) घर बिदा बढीमा एक सय बीस दिनसम्म संचित राख्न सकिनेछ ।

(५) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त गरिएकोमा बाहेक अरू जुनसुकै व्यहोराले आफ्नो नोकरीबाट अलग भएमा शाही नेपाली सेनाको व्यक्तिले संचित घरबिदाको तलब निजको पदाधिकार रहेको पदबाट खाईपाई राखेको तलबका दरले एकमुष्ट पाउनेछ । सेवामा बहाल छँदै मृत्यु भएमा उक्त रकम निजले इच्छाइएको व्यक्तिलाई र इच्छाइएको व्यक्ति नभए निजको नजिकको हकवालालाई दिइनेछ ।"

(२) उप-नियम (८) मा रहेको "४५" भन्ने अङ्कको सट्टा "तीस" भन्ने शब्द राखिएको छ–

५. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को–

(१) उप-नियम (१) र (४) को सट्टा देहायको उप-नियम (१) र (४) राखिएका छन्–

"(१) शाही नेपाली सेनाका व्यक्तिले प्रत्येक सालमा बाह्र दिनमा नबढाई बिरामी बिदा पाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६३

तर विशेष बिरामी बिदा लिई बसेको अवधिको बिरामी बिदा पाउने छैन।

(४) उप–नियम (१) बमोजिम शाही नेपाली सैनिकको व्यक्तिले पाउने बिरामी बिदा संचित हुँदै जानेछ।"

(२) उप–नियम (४) पछि देहायको उप–नियम (५) थपिएको छः–

"(५) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी बखास्त गरिएकोमा बाहेक अरू जुनसुकै व्यहोराले आफ्नो नोकरीबाट अलग भएमा शाही नेपाली सेनाको व्यक्तिले संचित बिरामी बिदाको तलब निजको पदाधिकार रहेको पदबाट खाईपाई राखेको तलबका दरले एकमुष्ट पाउनेछ। सेवामा बहाल छँदै मृत्यु भएमा उक्त रकम निजले इच्छाइएको व्यक्तिलाई र इच्छाइएको व्यक्ति नभए निजको नजिकको हकवालालाई दिइनेछ।"

६. मूल नियमावलीमा नियम ७ क, ७ ख र ७ ग थप : मूल नियमावलीको नियम ७ पछि देहायको नियम ७ क, ७ ख र ७ ग थपिएको छः–

"७ क. क्रिया बिदा : (१) शाही नेपाली सेनाका व्यक्ति आफैं क्रियामा बस्नु परेमा कुलधर्म अनुसार बढीमा पन्ध्र दिन क्रिया बिदा पाउन सक्नेछ।

(२) यस्तो क्रिया बिदा बस्ने शाही नेपाली सेनाका व्यक्तिले पूरा तलव भत्ता पाउनेछ।

७ ख. प्रसूति बिदा : (१) शाही नेपाली सेनाका व्यक्ति (महिला) गर्भवती भएमा निजलाई सुत्केरीको अघि पछि गरी साठी दिन प्रसूति बिदा दिइनेछ।

(२) प्रसूति बिदामा बस्ने व्यक्तिले पूरा तलब भत्ता पाउनेछ।

७ ग. राशन सहुलियत : सैनिक व्यक्तिले जुनसुकै बिदामा बसेको बेलामा पनि राशन सहुलियत वा स्थानीय राशनको दरभाउ अनुसारको रकम हाजिर भएपछि पाउनेछ।"

७. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "नियम ५ को उप–नियम (५) र उप–नियम (७)" भन्ने वाक्यांशको सट्टा "नियम ५ को उप–नियम (७)" भन्ने वाक्यांश राखिएको छ।

८. मूल नियमावलीको नियम १४ मा संशोधनः– मूल नियमावलीको नियम १४ को सट्टा देहायको नियम १४ राखिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१४ बाटोम्यादः– शाही नेपाली सेनाका व्यक्तिले ४ (चार) कोसको निमित्त १ दिनका दरले बाटोम्याद पाउनेछ । मोटर, रेल, हवाइजहाजको बाटोलाई भने जतिदिन लाग्ने हो त्यति दिन बाटोम्याद पाउनेछ, तर घरबिदामा घर नगई अन्यत्र जाने वा बस्नेको निमित्त बाटोम्याद पाउने छैन अधिकृतको हकमा भने सबैभन्दा छोटो बाटोको हिसाबले बाटोम्याद दिइनेछ।"

९. मूल नियमावलीको नियम २२ मा संशोधन :– मूल नियमावलीको नियम २२ मा रहेको "अनुसूची" भन्ने शब्दको सट्टा "अनुसूची–२" भन्ने शब्द र अंक राखिएका छन्

१०. रूपान्तरः– मूल नियमावलीमा "शाही सेना" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा " शाही नेपाली सेना " भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले–

फणीन्द्रराज हमाल

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८९८